# मण्डन देउपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## महादेबस्थान

### *ईन्द्रावती नदीको ढुंगा गिट्टी बालुवाको बिक्रि, नगर निकासी कर तथा सवारी कर उठाउने सम्बन्धि शिलवन्दी बोलपत्र आव्हानको सूचना*

*दोश्रो पटक सूचना प्रकाशित मिति २०७५।०४।०१*

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ (घ) १ र (घ) ६ बमोजिम यस मण्डन देउपुर नगरपालिकबाट आ.ब. २०७५।७६ (२०७५ भाद्र १ गतेदेखि २०७६ आषाढ मसान्तसम्म) को लागि देहाय बमोजिमको आन्तरिक आय सम्बन्धी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले दोस्रो नगरसभाबाट पारित दररेट बमोजिम स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) मा उल्लेखित क्षेत्रहरुबाट स्विकृत परीमाणभन्दा बढी उत्खनन नहुने गरी रोडा,ढुंगा,बालुवा,ग्राभेल र माटो बिक्री, निकासी कर तथा सडक सवारी कर संकलनको ठेक्का लिन ईच्छुक ब्यक्ति, फर्म वा कम्पनीहरुवाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी निम्नानुसारको विषय क्षेत्र भित्र शिलबन्दि बोलपत्र खरीद गरि पेश गर्न वा e-bidding मार्फत बोलपत्र पेश गर्न यो सुचना प्रकाशित गरिएको छ। रित नपुगी या म्याद नाघी प्राप्त हुन आएका शिलवन्दी बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

**ठेक्का सम्बन्धी बिबरण :-**

| क्र. सं | आन्तरीक आय ठेक्का संकेत | ठेक्का को विषय क्षेत्र | आ.व.२०७५/७६ का लागि कायम न्यूनतम अंक (मू.अ.कर बाहेक) | संकलन/ उत्खनन् गर्न पाउने अधिकतम परिमाण (वार्षिक) | वोलपत्र फाराम दस्तुर | धरौटी/जमा नत रकम | साविकको जिल्ला परिषदबाट स्विकृत दररेट |
|---|---|---|---|---|---|---|---|
| १. | १/IR/०७५/७६ | मण्डन देउपुर नगरपालिका क्षेत्र भित्रको काभ्रेपलाञ्चोक जिल्लाको क्षेत्राधिकारी भित्र मण्डन देउपुर नगरपालिका भित्रको ईन्द्रावती नदी रोडा ढुंगा,वालुवा,ग्राभेल बिक्री (IEE मा उल्लेखित ५ वटा क्षेत्रहरुबाट उत्खनन्/संकलन गर्ने) | ४७०५६४६४। (चार करोड सत्तरी लाख छपन्न हजार चार सय चौसठि रुपैया मात्र) | ७८४२७४४ क्यू.फिट | ५,०००।– | मु.अ.कर सहित कबोल अंकको ५ प्रतिशत | बालुवा, गिट्टीट प्रति क्यू फिट बिक्री कर मु.अ.कर बाहेक रु ६ (छ रुपैयां) र ढुङ्गा, स्लेट प्रति क्यू फिट निकासी कर मु.अ.कर बाहेक रु. ९ (नौ रुपैयां मात्र)<br>माटो प्रति क्यू फिट मु.अ.कर बाहेक बिक्रि कर रु २(दुई रुपैया मात्र) र निकासी कर रु.५ (पांच रुपैयां मात्र)। |
| २. | २/IR/०७५/७६ | मण्डन देउपुर नगरपालिका भित्र उत्पादन भई निकासी हुने मालवस्तुहरुमा नगर निकासी कर (बोलपत्र फारामसाथ उपलब्ध सूची अनुसार) | ७,०५८४६९६,।– (सात करोड पांच लाख चौरासी हजार छ सय छयानब्बे रुपैयां मात्र) | – | ५,०००।– | | |
| ३. | ३/IR/०७५/७६ | मण्डनदेउपुर नगरपालिका भित्र बैकल्पीक सडक कर (बोलपत्र फारामसाथ उपलब्ध सूची अनुसार) | ४०००००००।– (चार करोड रपैयां मात्र) | – | ५,०००।– | : | ट्रक, टिपर, रु. ३३०।–<br>मिनिट्रक, निसान रु. २२०।–<br>ट्य,ाक्टर रु .११०।– |
| ४ | ४/IR/०७५/७६ | सिपाघाट सडक फेदि सवारी कर | ८६,२५,०००।– (छयकसी लाख पचिस हजार मात्र) | – | ३,०००।– | : | ट्रक, बस, हेभी ट्रयाक्टर रु. ७०।–<br>मिनिट्रक, ट्रयाक्टर रु. ४०।–<br>निजी कारजीप,डेलिभरी भ्यान,पावर टेलर,टेम्पो रु.३०।– |

**ठेक्का सम्बन्धि शर्तहरु :**

१. माथि उल्लेखित ठेक्काहरुको लागी प्रत्येक बिषयको छुट्टाछुट्टै वोलपत्र फाराम खरिद गरी छुट्टाछुट्टै भरी पेश गर्नु पर्नेछ।

२. बोलपत्र फाराम खरिद गर्दा ब्यक्तिको हकमा नेपाली नागरीक भए नेपाली नागरीकताको प्रमाणपत्रको प्रतिलीपी, फर्मको हकमा अद्यावधिक फर्म नबिकरण प्रमाणपत्रको प्रतिलीपी, आ.व. २०७३/७४ को करचुक्ता प्रमाणपत्रको प्रतिलीपी साथै लिखित निवेदन र ठेक्का नं. १,२/IR/२०७५/७६ को हकमा मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलीपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन (मिति २०७५।४।३० गते) को कार्यालय समय भित्र मण्डन देउपुर नगर कार्यपालिकाको कार्यालयको राजस्व शाखाबाट खरिद गर्न सकिनेछ। साथै e-bidding मार्फत बोलपत्र खरिद गर्ने बोलपत्रदाताको हकमा www.bolpatra.gov.np बाट Bid document Download गर्न सकिनेछ।

३. खरिद गरिएका बोलपत्र फाराम रितपूर्वक भरी सूचना प्रकाशित भएको मितिले ३१ (एकतीस)औं दिनको १२:०० बजे अर्थात मिति २०७५।४।३१ गते दिनको १२:०० बजे भित्र यस कार्यालयमा दाखीला वा e-submission गर्न सकिनेछ। दाखिला वा e-submitted बोलपत्रहरु सोही दिनको २:०० बजे यस कार्यालयमा उपस्थित बोलपत्रदाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरु र कार्यालय प्रतिनिधिहरुको रोहबरमा खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

४. बोलपत्र पेश गर्दा आफुले कवोल गरेको मु.अ.कर सहितको रकमको ५% ले हुन आउने धरौटी रकम यस कार्यालयको **जनता बैंक, कुन्ताबेसी शाखामा** रहेको धरौटी हिसाब नं. *०६२००९०४९६८७४०४* खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा बोलपत्र दर्ता गर्ने अन्तिम मितिबाट कम्तिमा १२० (एक सय बीस) दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको पक्षमा जारी भएको सक्कल बैंक जमानी-पत्र ( **Bank Bid Bond**) अनिवार्य रुपले शिलबन्दी बोलपत्र साथ पेश गर्नु पर्नेछ।

५. बोलपत्र भर्दा आफुले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेखी पेश गर्नु पर्नेछ। अंक र अक्षरमा लेखिएको रकम फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ।

६. बोलपत्र स्वीकृत सम्बन्धि जानकारी प्राप्त भएको मितिले ७ (सात) दिन भित्र कवोल अंकको २५% रकम (मु.अ.कर लाग्ने ठेक्काको हकमा मु.अ.कर समेत) नगदै तथा बांकी रकमको हकमा यस कार्यालयको पक्षमा नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी भएको प्रत्येक किस्ता रकमको छुट्टा छुट्टै मु.अ.कर वापतको रकम समेतको कार्यसम्पादन जमानीपत्र सहित संझौता गर्न आउनु पर्नेछ।

७. ठेकेदारले संझौतामा तोकीएको विषय क्षेत्रमा तोकीएको दर रेटमा मात्र कर तथा सेवा शुल्क असुल गर्न पाउनेछ। कर तथा सेवा शुल्कको दररेट बोलपत्र फारामसाथ उपलब्ध गराईनेछ। पटके सवारीकरको हकमा मु.अ.कर असुल गर्न पाइने छैन।

८. यस सूचनामा उल्लेखित खोला/नदीका अलावा नयां क्षेत्र (खोला/नदी) पहिचान भई नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७२।१०।२० को निर्णय बमोजिम नेपाल सरकार/दातृ निकायद्वारा संचालन हुने विकास आयोजनाहरुको लागी प्रयोग हुने निर्माणजन्य सामाग्रीको बिक्रीको हकमा सम्बन्धित आयोजना (स्वीकृत **IEE**को परिधिभित्र रही) ले प्रयोग गरेको परिमाणको आधारमा जिल्ला समन्वय समितिले सम्बन्धित आयोजनाबाट बिक्री मुल्य असुल गर्नेछ।

९. ठेकेदार र कार्यालय बिचमा ठेक्का सम्वन्धी कुनै किसिमको झैं-झमेला पर्न आएमा सो को समाधान गर्न मण्डन देउपुर नगर कार्यपालिकाले निर्णय गर्नेछ।

१०. सेवा शुल्क तथा कर उठाउने सम्पुर्ण दायीत्व ठेकेदारको हुनेछ। त्यसमा कार्यालयले कुनै जिम्मेवारी वहन गर्ने छैन साथै प्रचलित कानुन वमोजीम तिर्नपर्ने सम्पुर्ण करहरु ठेकेदार स्वंयले वुझाउनु पर्नेछ।

११. रोडा,ढुंगा,वालूवा,ग्राभेल,माटो बिक्री ठेक्कामा रोडा,ढुंगा,वालूवा,ग्राभेल,माटो निकाल्दा व्यक्तिगत जग्गा क्षति हुने गरि निकाल्न पाईने छैन साथै खोला/नदीमा पर्ने पुलको तल माथि कम्तिमा १५०० मिटर छोडेर IEE प्रतिवेदनमा तोकिएको स्थानहरुबाट मात्र रोडा,ढुंगा,वालुवा,ग्राभेल निकाल्नु पर्नेछ।

१२. बिक्री ठेक्काको हकमा खोला एवं नदीबाट आषाढ, श्रावण र भाद्र (३ महिना) नदीजन्य पदार्थहरु उत्खनन् गर्न पाइने छैन।

१३. ठेक्कामा मालसामानको परिमाण एकिन भएको र परिमाण अनुसार ठेक्का आव्हान गरिएकोले आवश्यक प्रकृया पुरा गरी उक्त परिमाण सो भन्दा कम अवधिमा पनि बिक्री निकासी गर्न सकिनेछ। साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द आदीको कारण केहि दिन काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ति दाबी गर्न पाइनेछैन। IEE प्रतिवेदनमा उल्लेख भएको अवधिमा नदी/खोलाबाट सामाग्री संकलन/उत्खनन् गर्न पाईने छैन तर विभिन्न स्थानमा थुपारी राखेको सामाग्री बिक्री/निकासी गर्न बाधा पर्ने छैन।

१४. सडक सवारी कर उठाउने ठेक्काको हकमा सरकारी तथा अर्ध सरकारी संघ संस्था, दातृ निकाय तथा कुटनैतिक नियोगको सवारी साधनहरु, एम्बुलेन्स र शव वाहनमा सवारी कर असुल गर्न पाईने छैन।

१५. जिल्ला अनुगमन तथा नगरपालिका र सम्बन्धित सरकारी निकायहरुले अनुगमन गर्दा कानून र मापदण्ड बमोजिम नपाईएमा प्रचलित कानून बमोजिम कार्यवाही हुनेछ।

१६. जुन आर्थिक वर्षका लागि ठेक्का सम्झौता भएको हो सोही आर्थिक वर्ष भित्र उक्त ठेकेदारले संकलन गरेका ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, माटो सो क्षेत्रबाट उठाईसक्नु पर्नेछ।

१७. भू-क्षय तथा नदी प्रवाहको दिशा परीवर्तन हुने गरी ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, माटो संकलन तथा उत्खनन गर्न पाईने छैन।

१८. IEE प्रतिवेदनमा उल्लेखित स्थानहरुबाट मात्र नदीजन्य सामाग्रीहरु उत्खनन गर्नुपर्नेछ साथै IEE प्रतिवेदनमा स्वीकृत भएको हकमा स्वीकृत अवधिसम्म मेशिन प्रयोग गरी नदीजन्य सामाग्रीहरु उत्खनन् गर्न बाधा पर्नेछैन।

१९. पानीले पखालेको चिसो बालुवा पानी चुहाउदै कालोपत्रे सडकमा ढुवानी गर्न गराउन पाईने छैन। साथै ढुंगा, गिट्टी, बालुवा, ग्राभेल लैजांदा covering (छोपी) गरेर मात्र ढुवानी गर्नु गराउनु पर्नेछ। साथै बालुवा धुंदा निस्कीएको धमिलो पानी सिधै नदीमा मिसाउन पाईने छैन।

२०. कुनै किमिको परिस्थिति देखाई ठेक्का रकम छुट/मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन।

२१. e-bidding का लागी सार्वजनिक खरिद अनुगमन कार्यालयको Website: www.bolpatra.gov.np बाट Bid Document Download गर्न सकिनेछ। e-submission का लागि बोलपत्र खरिद दस्तुर यस कार्यालयको नाममा **जनता बैंक नेपाल लिमीटेड कुन्ताबेसी शाखा**मा रहेको आन्तरिक आम्दानी हिसाब नं. *०६२००९०४९६८७४०३* मा दाखिला गरेको, सम्बन्धित ठेक्का संकेत नं. र ठेक्काको विषय क्षेत्र खुलेको बैंक भौचर साथै पेश गर्नुपर्नेछ।

२२. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

२३. यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलीत कानून बमोजिम हुनेछ।